"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

## नगर कार्यपालिका कार्यालय
## Office of Municipal Executive

पाँचखाल, काभ्रेपलान्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY ०८०/८१
च.नं./Ref. No.:

## शुभकामना

सन् १९९१ देखि प्रत्यक वर्ष विश्वभर नोभेम्वर २५ देखि डिसेम्वर १० तारिख सम्म लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान हुँदै आएको कुरा सर्वविदित नै छ । यो अभियानलाई नेपालले वि.सं. २०५४ सालबाट निरन्तर विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाउँदै आइरहेको छ ।

यो अभियानको मुख्य उद्देश्य लिङ्गको आधारमा हुने सबै प्रकारका हिंसा, असमान व्यवहार र विभेदको अन्त्य गरी शोषणरहित समानको स्थापना गरी सबै नागरिकहरुलाई सम्मानपूर्वक बाँच्न सहयोग पुऱ्याउनु हो । विगत वर्षहरुमा झै यस वर्ष पनि "Unite! INVEST TO PREVENT VIOLENCE AGAINST WOMEN AND GIRLS" भन्ने नाराका साथ मनाइँदै छ । नेपालले पनि यहिँ मंसिर ९ गतेबाट २४ गतेसम्म "लैङ्गक हिंसा अन्त्यको सुनिश्चितता महिला र बालबालिकामा लगानीको एक्यबद्धता" भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउने तय भएको छ ।

लैङ्गिक हिंसा आफैमा एक जघन्य सामाजिक अपराध हो । समाजमा विभिन्न प्रकारका लैङ्गिक हिंसाका घटनाहरु हुने गरेका छन् । यस्ता घटनाहरुलाई न्यूनीकरण गर्दै पूर्ण रुपमा अन्त्य गर्न राज्य संयन्त्रहरुको पहल र प्रयास मात्र पऱ्याप्त नहुने भएकोले यसलाई समाजका सम्पूर्ण सामाजिक अभियन्ताका रुपमा रहेका संघसंस्था तथा नागरिकको दायित्व हुन आउने देखिन्छ । यस प्रकृतिका घटनाहरु प्रति खेद प्रकट गर्दै पिडितलाई न्यायको अनुभूति दिलाउन र पिंडकलाई कानून बमोजिम कारवाहीको माग गर्दछु ।

अन्त्यमा, सबै प्रकारका लैङ्गिक हिंसाको निवारणका लागि सम्बन्धित पक्षहरुको सामुहिक एक्यबद्धता कायम राख्न नगरबासीहरुमा अपिल गर्दै कार्यक्रमको सफलताको कामना गर्दछु ।

Mahesh Kharel

महेश खरेल नगरप्रमुख एवम्
नगरपालिका परिवार,
पाँचखाल नगरपालिका काभ्रेपलाञ्चोक ।